# बैठक नं.९२

आज मिति २०७८ बैशाख १३ गते सोमबार दिनको ३:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १० स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री सीता परियार | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, का.वा अध्यक्ष वडा न. ७ | श्री भुना परियार | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, लेखा अधिकृत | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगर प्रमुखबाट नगरकार्यपालिकामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

१. " डिपो, ढुङ्गा, बालुवा तथा ईटा लगायत निर्माण सामाग्री व्यवस्थापन, कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८ "
२. "बिपद जोखिम न्यूनिकरण निति, २०७८"
३. "मेलमिलाप कार्य संचालन कार्यविधि, २०७८"
४. "लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७८"

निर्णय नं.२

यस कीर्तिपुर नगरपालिका वडा नं.४ स्थित चम्पादेवी एक धार्मिक स्थल रहेको र उक्त धार्मिक स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नका लागि मोटर बाटोको आवश्यक भएको र हाल बजेट विनियोजन नभएको हुदाँ की.न.पा- ४ पुष्पलाल पार्क देखि चम्पादेवी सम्मको मोटर बाटो खोल्नका लागि नगरपालिकामा विनियोजन भएको जग्गा एकिकरण आयोजनाका लागि विनियोजित रकमबाट रकमान्तर गरी नगरपालिकाबाट रु.५०,००,०००।- (अक्षरुपी रु. पचाँस लाख मात्र) विनियोजन गरी उक्त मोटर बाटो खोल्ने कार्यलाई अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.३

यस कीर्तिपुर नगरपालिका क्षेत्रभित्र व्यवस्थित शहरी विकास गर्ने हेतुले यस नगरपालिका वडा नं. ३,४ र ९ का क्षेत्र भित्रपर्ने करिव १६१.३९ हेक्टर क्षेत्रमध्ये करिब १०१.९१ हेक्टर क्षेत्रभित्रका जग्गाहरुमा जग्गा एकिकरण आयोजना नगरपालिकाको गौरवको आयोजना भएतापनि विभिन्न अवस्थाका कारण समयमै काम सम्पन्न हुन नसकेको हुदाँ जग्गा एकीकरण LP-DPR तयार गर्नका लागि सम्झौता भएको श्री Rajdevi -JV को म्याद अन्तिम पटक २०७८ असार मसान्त सम्म थप गर्ने र प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४

नेपाल चीन बीच रहदै आएको सदियौं पुरानो मैत्री पूर्ण सम्बन्धलाई जनस्तर तथा स्थानीय स्तरसम्मै विकास विस्तार गर्ने उद्धेश्यले कीर्तिपुर नगरपालिका र चीनको Hubei प्रान्त स्थित Huanggang शहर बीच भगिनी सम्बन्ध (Sistercity Relation) स्थापनार्थ प्रारम्भिक चरणमा Letter of Intent (आशय पत्र)मा हस्ताक्षर भैसकेको सन्दर्भमा औपचारिक रुपमै सम्बन्ध स्थापना कार्यलाई अन्तिम रुप प्रदान गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा आवश्यक स्वीकृतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५

कोरोना माहामारीको अवस्थालाई मध्यनगर गर्दै यस कीर्तिपुर नगरपालिकाद्वारा स्थापित गरिएको PCR Lab व्यवस्थापनका लागि की.न.पा वडा नं.१० का वडा अध्यक्ष श्री अमन महर्जनको संयोजकत्वमा तपशील बमोजिमको सदस्यहरु रहने गरी " PCR Lab व्यवस्थापन समिति" गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री अमन महर्जन, वडा नं.१० वडा अध्यक्ष | संयोजक | |
| २ | श्री राजेन्द्र बाँनिया , वडा नं.४ वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री गंगाराम महर्जन, वडा नं.९ वडा अध्यक्ष | सदस्य | |

निर्णय नं.६

कोरोना माहामारीको अवस्थालाई मध्यनगर गर्दै यस कीर्तिपुर नगरपालिका वडा नं.१०, नयाँ बजार स्थित कभर्ड हलमा Covid Care Center- Isolation स्थापना तथा व्यवस्थापनका गर्नका लागि की.न.पा वडा नं.२ का वडा अध्यक्ष श्री रमेशमान डंगोलको संयोजकत्वमा तपशील बमोजिमको सदस्यहरु रहने गरी " Covid Care Center- Isolation स्थापना तथा व्यवस्थापन समिति" गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेशमान डंगोल, वडा नं.२ वडा अध्यक्ष | संयोजक | |
| २ | श्री हर्ष महर्जन, वडा नं.१ वडा अध्यक्ष | सदस्य | |
| ३ | श्री अमन महर्जन, वडा नं.१० वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री दिपक महर्जन, लेखा शाखा | सदस्य | |
| ५ | श्री विकास महर्जन, प्रमुख सचिवालय | सदस्य | |
| ६ | श्री तपराज फुलारा, स्वास्थ्य शाखा | सदस्य सचिव | |

निर्णय नं.७

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तथा संक्रमितको संख्या दिनानु दिन बढ्दै गईरहेको कारण संक्रमणको अवस्था सामान्य नभएसम्मका लागि वडा कार्यालयहरुबाट दिदै आएको सेवा दिनको १ बजे सम्म मात्र दिने र सो सम्बन्धि वडावासीका जानकारीका लागि सूचना टाँस गर्ने निर्णय गरियो । ।